का.जि.प्र.का.द.नं. १००/०५९/६०

२६ जेठ २०७९,
बिहीबार
9 June 2022,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक १२४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com



# स्वार्थको जालोमा महाअभियोग

प्रधानन्यायाधीशविरुद्धको महाभियोग अगाडि बढाउन एमालेले दबाब बढाउने रणनीति अख्तियार गरेको छ । तर, सत्तारुढ गठबन्धनका नेताहरु तत्काल प्रस्ताव नबढ्ने जवाफ दिइरहेका छन् ।

*प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग्दै प्रदर्शनमा उत्रिएका कानून व्यवसायीहरु । फाइल तस्वीर*

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, २५ जेठ ।

प्रतिनिधिसभामा बिचाराधीन प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराविरुद्धको महाभियोग प्रस्तावमाथि सत्तापक्ष र प्रतिपक्षमा रहेका राजनीतिक दलहरुले राजनीति गर्न थालेका छन् ।

महाअभियोग तत्काल अगाडि बढाउन प्रमुख विपक्षी नेकपा एमालेले सत्तागठबन्धन र संसदमाथि दबाब बढाउने रणनीति अख्तियार गरेको छ । सोही अनुसार, एमालेका सांसदहरु प्रतिनिधिसभाको कार्यव्यवस्था परामर्श समितिमा र संसदमै प्रस्तुत हुन थालेका छन् ।

बुधबार प्रतिनिधिसभामा बोल्दै खगराज अधिकारीले भने महाभियोग प्रस्ताव किन ल्याएको हो ? भनेर प्रश्न गरे । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जवराविरुद्धको महाभियोग प्रस्ताव छलफलमा ल्याउन उनले माग गरे । 'महाभियोगको प्रस्ताव असरल्ल पार्न ल्याइएको हो कि फैसला गर्न ल्याइएको हो ? छलफलमा ल्याउन जोडदार माग गर्न चाहन्छु,' सांसद अधिकारीले भने । यसअघि जेठ २४ गते बसेको प्रतिनिधिसभाको कार्याव्यवस्था परामर्श समितिको बैठकमा पनि एमालेकी सचेतक शान्ता चौधरीले महाअभियोगको प्रस्ताव महाअभियोग सिफारिस समितिमा पठाउन माग गरेका थिए ।

एमालेले निरन्तर रुपमा महाअभियोग अगाडि बाउन दबाब दिइरहेको छ । तर, महाअभियोगको पक्ष र विपक्षमा प्रष्ट खुलेको छैन् । 'प्रस्ताव अगाडि बढेपछि संसदले निर्णय गर्छ । अगाडि नबढाउने भए प्रस्ताव किन ल्याएको ? भन्ने मात्रै एमालेको प्रश्न हो' एमालेका उपनेता सुवास नेम्वाङले भने ।

तर, सत्तारुढ गठबन्धनका नेताहरु तत्काल चोलेन्द्रविरुद्धको महाभियोग प्रस्ताव अगाडि नबढ्ने जवाफ दिइरहेका छन् । सध्त्तारुढ दल नेकपा एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनाल जबराविरुद्धको महाअभियोग प्रस्ताव तुरुन्तै पास हुने खालको नभएको प्रतिक्रिया दिन्छन् । 'यो प्रस्ताव तुरुन्त पास गर्न राखेकै होइन नि । यो प्रस्ताव अगाडि आएको छ । प्रस्ताव राखिसकेपछि परिस्थिति हेर्दै जाने । अनि क्रमशः एउटा टुंगोमा पुर्‍याउने कुरा हो नि त । त्यसकारण समय अझै छ' बुधबार संघीय संसद भवन नयाँ बानेश्वरमा पत्रकारहरुसँग कुरा गर्दै नेता खनालले भने ।

नेता खनालले महाअभियोग प्रस्ताव अघि बढाउन महाअभियोग सिफारिस समितिले पनि चासो देखाउनुपर्ने भनी एमालेमाथि नै प्रश्न तेर्साएका छन् । ११ सदस्यीय महाअभियोग सिफारिस समितिको सभापतिमा एमालेका विष्णु पौडेल छन् । समितिमा एमाले सदस्यहरु नै बहुमतमा छन् । त्यसकारण नेता खनालले एमालेले महाअभियोग अगाडि बढाउन माग गर्ने नभइ आफैं पहल गर्नुपर्ने भनी काउण्टर प्रश्न गरेका हुन् । 'समिति गठन भएको छ । समितिले माग गर्नुपर्‍यो नि त । त्यो समितिको के उत्तरदायित्वको निम्ति, के कार्यभारको निम्ति त्यो समिति गठन भएको हो' खनालले भने, 'त्यो समितिले आफ्नो उत्तरदायित्व पूरा गर्न, दिएको जिम्मेवारी पुरा गर्न, खोई मलाई जिम्मेवारी दिएको भन्नुपर्‍यो । अनि संसदले काम गर्नुपर्‍यो । त्यसपछि त अगाडि बढिहाल्छ नि ।'

१ फागुन २०७८ मा चोलेन्द्रविरुद्ध सत्तारुढ गठबन्धनका ९८ सांसदले संसदमा महाअभियोग प्रस्ताव दर्ता ग रेका थिए । महाअभियोग प्रस्तावलाई अगाडि बढाउने क्रममा प्रतिनिधिसभाले २२ फागुन २०७८ मा ११ सदस्यीय महाअभियोग सिफारिस समिति बनाएको थियो । तर, अझैसम्म महाअभियोग सिफारिस समितिमा नपठाइएको भनी प्रमुख विपक्षी एमालेले प्रश्न उठाइरहँदा एकीकृत समाजवादीका नेता खनालले सिफारिस समितिले आफ्नो उत्तरदायित्व पूरा गर्न, दिएको जिम्मेवारी पुरा गर्न, खोई मलाई जिम्मेवारी दिएको भन्नुपर्‍यो भनी माग गर्नुपर्ने प्रतिप्रश्न गरेका हुन् ।

महाअभियोग सिफारिस समितिमा एमालेका चार जना, कांग्रेस र

– बाँकी पृष्ठ २ मा

डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।

- वनमात्र नभई जैविक विविधता र सम्पदा नष्ट गर्दछ ।
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

*त्यसैले, वन पैदावारको संकलन तथा किसानी गर्दा आगोको प्रयोग गर्दा सवाधानी अपनाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# लोसपा फकाउँदै देउवा

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २५ जेठ ।

प्रधानमन्त्री एवं नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा लोकतान्त्रिक समाजवादी पार्टी नेपाललाई विश्वासमा लिने प्रयासमा लागेका छन् । उनको प्रयासलाई सत्ता गठबन्धनमा रहेका अन्य दलहरुले पनि साथ दिएका छन् ।

खासगरी एमाले अध्यक्ष केपी शर्मा ओलीले जनता समाजवादी पार्टी (जसपा)नेपालका अध्यक्ष उपेन्द्र यादव र लोसपाका अध्यक्ष महन्थ ठाकुरलाई छुट्टाछुट्टै बोलाएर छलफल गरेपछि प्रधानमन्त्री देउवा झस्किएका हुन् । नेताहरुका अनुसार १० जेठ २०७९ मा ओलीले यादवसँग आफ्नै निवास बालकोट बोलाएर बोलाएर छलफल गरेका थिए । लगत्तै ओलीले लोसपाका अध्यक्ष महन्थ ठाकुरलाई पनि भेटेका थिए ।

जसपाले स्थानीय चुनावमा कांग्रेसले धाका दिएको महसुस गरेको छ। त्यसअनुसार अभिव्यक्ति पनि दिइरहेको छ । लोसपाले पनि बलियो गठबन्धन खोजिरहेको छ । लोसपाका नेता राजेन्द्र महत्तोले आफुहरुले समान माग ओली र देउवासँग राखेको जसले सिरि यसली लिन्छ उतै आफुहरुको गठबन्धन हुने बताएका छन् ।

सत्तागठबन्धनलाई थप बलियो बनाउन र संसदमा आवश्यक

> सत्तागठबन्धनलाई थप बलियो बनाउन र संसदमा आवश्यक पर्दा दुई तिहाई पुर्‍याउन पनि प्रधानमन्त्री एवं कांग्रेस सभापति देउवाले लोसपालाई विश्वासमा लिने प्रयास थालेका हुन् ।

पर्दा दुई तिहाई पुर्‍याउन पनि प्रधानमन्त्री एवं कांग्रेस सभापति देउवाले लोसपालाई विश्वासमा लिने प्रयास थालेका हुन् ।

लोसपाले यसरी खुलमखुला गठबन्धनका सन्दर्भमा निर्णय लिन लागेको बताएपछि विश्वासमा लिने प्रयासमा प्रधानमन्त्री एवं कांग्रेस सभापति देउवा लागेका हुन् । कतिपय नेताहरु गठबन्धन भत्किने हो कि भन्ने डरले देउवाले छलफल थालेको

– बाँकी पृष्ठ २ मा

## संघ र साउदी दूतावासबीच छलफल

# कामदार पठाएको रेकर्ड पाँच वर्षसम्म राख्न दूतावासको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ जेठ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले नेपालका लागि साउदी अरेबियाको राजदूतावासमा भिसा स्ट्याम्पिङका प्राविधिक समस्याबारे छलफल गरेको छ । संघका संयोजक बिमल ढकाल, सदस्यद्वय पूर्व अध्यक्ष प्रेम कटुवाल र प्रज्ञान न्यौपानेले बुधबार दूतावासका कार्यवाहक राजदूत तथा कन्सुलर सेवाका कर्मचारीसँग साउदी भिसा स्ट्याम्पिङका समस्याबारे छलफल गरेका हुन् ।

संघका तर्फबाट साउदी आईडी नवीकरण र कम्पनी ब्ल्याकलिष्टको समस्या राखिएको पूर्व अध्यक्ष कटुवालले मध्यान्हलाई जानकारी दिए । जवाफमा कार्यवाहक राजदूत र कन्सुलर शाखाका कर्मचारीले नेपाली व्यवसायीहरूलाई दुःख सास्ती दिने कुनै मनसाय नभए पनि भिसा स्ट्याम्पिङका लागि जाने म्यानपावर कम्पनीहरूले कामदारको विवरण साउदी अरबले तोके अनुसारको ढाँचामा नराख्ने गरेका कारणले समस्या हुने गरेको बताएका छन् ।

पूर्व अध्यक्ष कटुवालले व्यवसायीले कामदार पठाएको कम्तिमा पाँच वर्ष उक्त कामदारको विवरण जुनसुकै बेला दूतावासमा बुझाउन सक्ने गरी चुस्त दुरुस्त राख्नुपर्ने देखिएको बताए । म्यानपावर कम्पनीहरूले भिसा स्ट्याम्पिङ गर्दा रोजगारीमा जाने कामदारको राहदानी, मेडिकल रिपोर्ट, प्रहरी रिपोर्ट पेश गर्ने गरेका हुन्छन् । दूतावासले ती रिपोर्ट पाँच वर्षसम्म कुनै पनि बेला पेश गर्न लगाउने अवस्था रहेको र मागेको कागजात र रिपोर्ट पेश गर्न नसक्ने कम्पनीको आईडी नवीकरणमा समस्या देखिएको भन्दै पूर्व अध्यक्ष कटुवालले रेकर्ड राख्न अल्छी र लापरबाही नगर्न व्यवसायीहरूलाई आग्रह गरे ।

हाल कायम ८ सय ६० म्यानपावर कम्पनीमध्ये करिब ६ सय म्यानपावर कम्पनीसँग साउदी दूतावासको परिचयपत्र 'साउदी आईडी'

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## ईपीएस परीक्षा निष्पक्ष : श्रममन्त्री श्रेष्ठ

**काठमाडौं / मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले रोजगार अनुमति प्रणाली (ईपीएस) अन्तर्गत संचालन हुने कोरियन भाषा परीक्षा प्रभावकारी र विश्वसनीय रहेको बताएका छन् ।

बुधबार ललितपुरको भैंसेपाटीमा सञ्चालन भइरहेको कोरियन भाषा परीक्षाको निरीक्षण गर्न गएका मन्त्री श्रेष्ठले सरकारीस्तरमा श्रमिक पठाउन सञ्चालन हुने भाषा परीक्षा प्रणालीलाई वैज्ञानिक बनाउँदै लगेको भन्दै कोरियाको मानव संशाधन विकास विभाग (एचआरडी)को प्रशंसा गरे । सन् २००७ मा दुई देशका सरकारबीच श्रमका लागि नेपाली श्रमिक लैजाने सहमति भएको थियो ।

– बाँकी पृष्ठ २ मा



# मलको रामकहानी

अर्याप्त बजेट जोहो नहुने र कृषि मन्त्रालयलाई कहिल्यै प्राथमिकतामा नराख्ने सरकारले किसानलाई कुनै वर्ष पनि आवश्यक मल दिन सकिरहेको छैन । यसपटक पनि किसानले उही समस्या भोग्दैछ, तर मल आउने कुनै निश्चित छैन ।

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २५ जेठ ।

संघीय संसदको प्रतिनिधिसभा बैठकमा प्रमुख विपक्षी दल नेकपा एमालेका सचिव एवम् सांसद योगेश भट्टराईले किसानलाई सरकारले उपेक्षा गरेको टिप्पणी गरेका छन् । 'सरकारको मलको खोजीमा छ कि माल कमाउने पर्खाइमा छ ?', भट्टराईले प्रश्न गरे । मल समयमा नल्याएर सरकारले पैसा कमाउने दाऊमा रहेको पनि उनले आरोप लगाए ।

'कृषि मन्त्री भारततिर जानुभएको छ । उतै निर्वासन बस्न लाग्नुभयो कि के गर्दै हुनुहुन्छ ?', भट्टराईले कृषि मन्त्रीको खोजी गरेका थिए । सत्तारुढ सांसद एवम् नेपाली कांग्रेसका महामन्त्री गगन थापाले पनि किसानले मल नपाएकोमा आपत्ति जनाएका छन् । महामन्त्री थापाले कृषि मन्त्रालय र जिम्मेवारी प्राप्त व्यक्तिको अकर्मण्यताले समयमा मल आउन नसकेको टिप्पणी गरे । 'मन्त्रालय र जिम्मेवारी पाएका मानिसले सही काम नगरिदिदा समस्या आयो । अब के हुन्छ ?', उनले प्रश्न

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२६ जेठ २०७९, बिहीबार
9 June 2022, Thursday

विवाहमा ३० लाख भारु दाइजो

# धरौटी तिर्न नसक्दा जेल चलान

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २५ जेठ

दाइजो लेनदेनमा पक्राउ परेकी एक महिला कारागार चलान भएकी छिन्।

भारतकी रेणु गुप्तालाई रौतहट जिल्ला अदालतले ३ लाख रुपैयाँ धरौटीमा छोड्न आदेश दिएको थियो। धरौटी रकम तिर्न नसक्दा उनलाई कारागार चलान गरिएको हो।

२०७७ मंसिर १० गते भारत विहारकी २४ वर्षीय प्रीयादर्षनी गुप्ता र रौतहटको गरुडा नगरपालिका-५ निवासी रोशन कुमार गुप्ताको विवाह भएको थियो। समाजिक परम्परा अनुसार सम्मपन्न भएको विवाहमा ३० लाख भारतीय रुपैयाँ लेनदेन भएको थियो।

केटा पक्षले विवाह भएको २२ दिन पुगेपछि दाइजोमा थप कार माग्न शुरु




गरेको थियो। कार नदिए घर निकाला गरिदिने भन्दै

तत्पश्चात प्रहरीको सहयोगमा प्रीयादर्शनिलाई उदार गरिएको थियो। केही महिना नवित्दै श्रीमान रौशन कुमार गुप्ताले पर्सा जिल्ला अदालतमा सम्बन्ध विच्छेदको मुद्दा दर्ता गरेको थियो।

त्यसपछि उनका श्रीमति पृयादर्शनी गुप्ताले मानोचामल र घरेलु हिंसा लगाएतको मुद्दा अहिलेसम्म उच्च अदालत विरगञ्ज, जनकपुर, जिल्ला अदालत पर्सा र रौतहटमा १८ वटा मुद्दा गरेकी थिइन्।

नेपालमा पहिलो पटक विवाहमा लेनदेन गरेको मुद्दा जिल्ला प्रहरी कार्यालयले दर्ता गरि अनुसन्धान प्रक्रियाको क्रममा तत्काल प्रीयादर्शनिकी नन्द रेणु गुप्तालाई विरगञ्जको नगवा टोलबाट प्रहरीले पक्राउ गरि रौतहट जिल्ला अदालत समक्ष पेश गरेको थियो।

विवाहमा लेनदेन गरेको अन्य चार जना आरोपित व्यक्ती फरार रहेकोले निजको नाउँमा पक्राउ पूर्जी जारी गरेको जिल्ला अदालतका रजिस्ट्रार सुशील कुमार यादवले बताए।

# विसर्जन हुन सकेन काठमाडौंको फोहोर



**काठमाडौं/मस–** स्थानीयवासीको अवरोधका कारण बुधबार पनि काठमाडौं उपत्यकाको फोहर अन्तिम व्यवस्थापनस्थल बञ्चरेडाँडामा विसर्जन हुन सकेन। गत सोमबार साँझ सहरी विकासमन्त्री, काठमाडौं महानगरपालिका, नुवाकोटको ककनी गाउँपालिका र धादिङको धुनीबेँसी नगरपालिकाका प्रतिनिधिबीच मङ्गलबारदेखि काठमाडौं उपत्यकाको फोहर व्यवस्थापन गर्न सहमति गरे पनि सिसडोलका स्थानीयवासीले पुनः अवरोध गरेपछि बुधबार पनि फोहर व्यवस्थापन हुन नसकेको हो।

सहमतिअनुसार उपत्यकाबाट प्रहरीसहित फोहर बोकेर बञ्चरेडाँडा पुगेको गाडीलाई स्थानीयवासीले ढुङ्गामुढा गरेपछि प्रहरी र स्थानीयवासीबीच झडपसमेत भएको थियो। मुख्यगरी बञ्चरेडाँडाका स्थानीयवासीले प्रभावित क्षेत्र किटान गरी बस्ती स्थानान्तरण गर्न केन्द्र सरकारसँग माग गर्दै आएका छन्। त्यसैगरी प्रभावित स्थानीयवासीलाई रोजगारीको व्यवस्था, स्वास्थ्य बीमा, शिक्षाको पहुँच हुनुपर्नेजस्ता माग रहेको ककनी गाउँपालिका-३ का अध्यक्ष घननाथ बजगाईंले बताए।

केन्द्र सरकार र कामपाले आफूहरुमाथि विगत १७ वर्षदेखि झुटको खेती गर्दै आएको आरोप लगाउँदै जनप्रतिनिधिसँगको सहमतिले मात्र फोहर व्यवस्थापन गर्न नपाइने भन्दै त्यहाँका स्थानीयवासीले सहमतिको व्यवस्था गरी पटकपटक फोहर व्यवस्थापनमा अवरोध गरेका हुन्।

सत्र वर्षअघि दुई वर्षका लागि भन्दै सिसडोलमा काठमाडौं उपत्यकाको १८ स्थानीय तहको फोहर विसर्जन गरिँदै आएको थियो। अहिले सिसडोलमा फोहर राख्न नमिल्ने अवस्था आएपछि सिसडोलभन्दा दुई किलोमिटर पर बञ्चरेडाँडामा अन्तिम फोहर व्यवस्थापनस्थल निर्माणको काम भइरहेको छ। उक्त दीर्घकालीन फोहर व्यवस्थापनस्थल निर्माणको काम पूर्णरूपमा सम्पन्न नभइसकेको भए पनि पहिलो सेलको काम सकिएकाले फोहर व्यवस्थापन गर्न थालिएको हो। विगत ११ दिनदेखि उपत्यकाका १८ स्थानीय तहको फोहर व्यवस्थापन गर्न नसक्दा दुर्गन्ध फैलिएको छ भने आवतजावत गर्नसमेत समस्या भइसकेको छ।

## स्वार्थको...

माओवादी केन्द्रका दुई-दुई जना, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीका एक-एक जना सांसद छन्। सिफारिस समितिमा एमालेका विष्णु पौडेल, शिवमाया ताम्बाहाङफे, कृष्णभक्त पोखरेल र लालबाबु पण्डित, कांग्रेसका मीनबहादुर विश्वकर्मा र रामबहादुर विष्ट, माओवादी केन्द्रकी यशोदा सुवेदी गुरुङ र रेखा शर्मा, एकीकृत समाजवादीकी कल्याणी खड्का, जसपाका प्रमोद साह र लोसपाका एकवाल मिया छन्।

सत्तारूढ गठबन्धनमा रहेका तीन दलका सांसदले जबराविरुद्ध दर्ता गराएको महाअभियोग प्रस्तावमा २१ आरोप लगाइएको छ। माओवादी केन्द्रका देवप्रसाद गुरुङ, कांग्रेसकी पुष्पा भुसाल र नेकपा एकीकृत समाजवादीका जीवनराम श्रेष्ठ प्रस्तावक भई महाअभियोग प्रस्ताव दर्ता गरेका हुन्। जसमा तीनै पार्टीका ९५ जना सांसदको हस्ताक्षर छ। महाअभियोग प्रस्तावमा चोलेन्द्रले संविधान र कानूनको गम्भीर उल्लंघन गरेको, कार्यक्षमताको अभाव भएको, खराब आचरण भएको, इमानदारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको र आचारसंहिताको गम्भीर उल्लंघनन गरेको लगायत २१ आरोप लगाइएका छन्।

लामो प्रक्रिया

प्रतिनिधि सभा नियमावली २०७५ मा महाभियोग अगाडि बढाउने सम्बन्धी प्रक्रियागत विषय उल्लेख छ। जसअनुसार ११ सदस्यीय समितिले आफूमध्येबाट समितिको सभापति चयन गर्ने प्रक्रिया छ। समितिले एमाले सांसद विष्णु पौडेललाई सभापति चयन गरिसकेको छ। अब महाभियोग सिफारिस समितिले महाभियोगको प्रस्ताव प्राप्त भएपछि आफ्नो काम सुरु गर्नेछ।

प्रतिनिधि सभा नियमावली अनुसार सिफारिस समितिले कारबाही सुरु भएपछि आरोपित प्रधानन्यायाधीशलाई सात दिनभित्र लागेको आरोपको सफाई पेश गर्ने मौका दिनुपर्नृ हुन्छ। सफाई सन्तोषजनक नभएमा वा तोकिएको म्यादभित्र जबरा आफैं उपस्थित भई कुनै सफाई पेश नगरेमा महाभियोग सिफारिस समितिले आफ्नो सिफारिससहितको प्रतिवेदन सदनसमक्ष पेश गर्नेछ।

महाभियोग सिफारिस समितिले आफ्नो कारबाही प्रारम्भ गरेको मितिले बढीमा तीन महिनाभित्र सिफारिससहितको प्रतिवेदन पेश गर्नुपर्ने बाध्यात्मक व्यवस्था नियमावलीमा छ। प्रतिवेदनमाथि बैठकमा छलफल हुन कम्तीमा दुई दिन अघि नै उक्त प्रतिवेदन सबै सदस्यलाई वितरण गर्नुपर्ने व्यवस्था छ।

महाभियोग सिफारिस समितिले समितिको प्रतिबेदनमाथि विचार गरियोस भनी बैठकमा प्रस्ताव पेश हुनेछ। प्रस्ताव पेश भएपछि प्रतिवेदनमाथि बैठकमा छलफल हुनेछ। छलफल हुँदा कुनै सदस्यले प्रतिवेदनमा संशोधन पेश गर्न वा कुनै विशेष कुराको सम्बन्धमा पुनः छानविन गर्न प्रतिवेदनलाई महाभियोग सिफारिस समितिमा फिर्ता पठाइयोस भन्ने प्रस्ताव पेश गर्न सक्छ। महाभियोग सिफारिस समितिमा फिर्ता पठाइयोस भन्ने प्रस्ताव स्वीकृत भएमा प्रतिवेदन फेरि समितिमा पठाइनेछ र समितिले पनि सात दिनभित्र पुनः छानविन गरी आफ्नो प्रतिवेदन बैठकमा पठाउनेछ। महाभियोग सिफारिस समितिको प्रतिबेदन बैठकमा पुनः प्राप्त भएपछि समितिले प्रतिवेदनमा उल्लेखित सिफारिस स्वीकृत गरियोस् भन्ने प्रस्ताव पेश गर्न सक्छ।

प्रस्ताव पेश भएपछि प्रतिवेदनमा कुनै सदस्यले चाहेमा संशोधन पेश गर्न सक्छ। पेश भएको संशोधनमाथि छलफल भएपछि सभामुखले सबै संशोधन निर्णयार्थ बैठकमा पेश गर्नुपर्ने हुन्छ। त्यसपछि प्रतिवेदनमा उल्लेखित सिफारिसलाई निर्णयार्थ बैठकमा प्रस्तुत हुन्छ।

महाभियोगको प्रस्तावमाथि सभाको निर्णय सदस्यको दस्तखत सहितको मत विभाजनद्वारा हुनेछ। निर्णयको जानकारी महासचिव वा निजको अनुपस्थितिमा सचिवले नेपाल सरकारलाई दिनेछ। प्रस्तावमा छानविन गरी महाभियोग प्रमाणित सम्पूर्ण सदस्य संख्याको दुई तिहाई बहुमतबाट पारित भएमा प्रधानन्यायाधीश पदमुक्त हुनेछन्। दुई तिहाइबाट महाभियोग पारित नभएमा पुनः जबराको पुनर्बाहाली हुनेछ।

नेपालको संविधानको धारा १०१ मा महाभियोगसम्बन्धी व्यवस्था छ। सभामुखले संविधानको धारा १०१ को उपधारा (३) बमोजिम महाअभियोगको प्रस्ताव पेश गर्ने आधार र कारण विद्यमान भए, नभएको छानबिन गर्न प्रतिनिधिसभामा ११ सदस्यीय सिफारिस समिति गठन गर्न पाउने व्यवस्था छ। सोही अनुसार सिफारिस समिति गठन भैसकेको छ।

तर, संसदले उक्त सिफारिस समितिमा चोलेन्द्र विरुद्धको महाअभियोग पठाइसकेको छैन्। महाअभियोग प्रस्तावमाथि छानविनको अधिकार पाएपछि सिफारिस समितिले छानबिन गरी कारबाहीका लागि प्रतिनिधिसभासमक्ष प्रस्ताव पेश गर्नेछ। त्यसपछि संसदले निर्णय गर्नेछ। महाअभियोग प्रस्ताव संसदको दुई तिहाइ बहुमतले पारित भएमा प्रधानन्यायाधीश स्वतः पदमुक्त हुनेछन्। एमालेबाहेक दल मिल्दा हाल सांसद संख्या १७० पुग्छ। दुई तिहाई पुग्न ११ सांसद अपुग हुन्छ। त्यसमाथि पछिल्लो समय एमालेसँग सहकार्य गर्दै आएको लोसपा महाभियोगको पक्षमा खुलेको छैन्। लोसपा एमालेकै लाइनमा अघि बढ्दा दुईतिहाइ पुग्ने सम्भावना कठिन हुन्छ।

प्रतिनिधिसभामा एमालेका ९८ (एक जना निलम्बित), कांग्रेसका ६३ (२ जना निलम्बित) छन्। विद्यमान प्रतिनिधिसभामा २७१ सांसद छन्। जसको दुईतिहाइ १८१ हुन्छ। प्रतिनिधिसभामा सांसदको कुल संख्या २ सय ७५ हो। जसमा ४ जना पदमुक्त छन् र ५ जना निलम्बनमा छन्।

माओवादी केन्द्रका ४९ जना छन्। नेकपा एकीकृत समाजवादी २३, जनता समाजवादी पार्टीका २१ (२ निलम्बन), लोकतान्त्रिक समाजवादी पार्टीका १३ सांसद छन्। राष्ट्रिय जनमोर्चा नेपाल, राप्रपा र नेमकिपाको १/१ जना छन्। हालः प्रतिनिधिसभामा ९ राजनीतिक दलको प्रतिनिधित्व छ। एमालेले मात्रै पनि महाभियोगको विपक्षमा भोट हाल्दा महाभियोग पारित नहुने देखिन्छ। एमालेबाहेक दल मिल्दा सांसद संख्या १७० पुग्छ। दुई तिहाई पुग्न ११ सांसद अपुग हुन्छ। त्यसमाथि पछिल्लो समय एमालेसँग सहकार्य गर्दै आएको लोसपा महाभियोगको पक्षमा देखिँदैन। यसकारण पनि प्रधानमन्त्री शेरबहादुर देउवाले लोसपालाई पाँच दलीय गठबन्धनमै सामेल गराउने प्रयास गरिरहेका छन्।

## लोसपा ...

र लोसपालाई विश्वासमा लिने प्रयास गरेको बताउँछन्। तर, जसपा अध्यक्ष उपेन्द्र यादवले वर्तमान गठबन्धनलाई संघ र प्रदेशको चुनावसम्म निरन्तरता दिने बताएकाले देउवा केही हदसम्म ढुक्क भएर लोसपालाई फकाउनतिर लागेका हुन्। देउवाले २१ जेठ २०७९ मा प्रधानमन्त्री निवास बालुवाटारमै बोलाएर लोसपा अध्यक्ष ठाकुरसँग छलफल गरेका थिए।

छलफलमा प्रधानमन्त्री देउवाले अध्यक्ष ठाकुरलाई गठबन्धन र सरकारमा सहभागी हुन आग्रह गरेको र अध्यक्ष ठाकुरले मधेसको माग पूरा नभएसम्म सरकारमा सहभागी हुन गाह्रो हुने बताएको जनाइएको छ। तर, नागरिकता ऐन ल्याउने लगायतका माग पुरा गर्ने आश्वासन देउवाले दिएको नेताहरु बताउँछन्। विश्वासका लागि माग पुरा गर्न लोसपाले २४ जेठमा प्रधानमन्त्री देउवालाई ११ बुँदे ज्ञापनपत्र पनि बुझाएको छ।

लोसपालाई पाँच दलीय सत्ता गठबन्धनमा ल्याउने प्रयास कांग्रेस सभापति देउवाले प्रयास गरिरहँदा जसपाका अध्यक्ष उपेन्द्र यादवले लोसपाका नेताहरूलाई एकतामा आउन आह्वान गरेका छन्।

'महन्थ ठाकुरजी जसपाबाट किन अलग हुनुभयो ? कुन लक्ष्य प्राप्तिका लागि पार्टी फोड्नुभयो ? कसको हितका लागि पार्टी फोड्नुभयो ?' जनकपुरधाममा बुधबार भएको एक कार्यक्रममा उनले भने, 'उहाँहरूलाई केही भेटिएन। मात्रै मधेशलाई नोक्सान भयो, जनतालाई नोक्सान भयो। त्यसलाई समीक्षा गर्दै सच्याउँदै आउनुस्, सँगै मिलेर काम गरौं।'

## संघ ...

रहेको छ। संघले यसअघि गत वैशाखमा पनि राजदूत मुसैद बिन सुलैमान अल-मारवानेलाई नेपाली कामदारको भिसा प्रक्रिया सहज बनाई साप्ताहिक कोटा बढाउन आग्रह गरेको थियो।

दूतावासले हाल एउटा म्यानपावर कम्पनीबाट पेश भएको फाइलमा साप्ताहिक २५ जना कामदारको मात्र भिसा जारी गर्ने गरेको छ। तर कार्यवाहक राजदूतले आवश्यकताका आधारमा जनशक्ति र कम्प्युटर थपेर साउदी अरबबाट आएको डिमाण्ड अनुसार नेपाली कामदारको भिसा जारी गर्ने प्रतिवद्धता जनाएका छन्।

## ईपीएस...

श्रमिकहरू जाने क्रम सन् २००८ बाट शुरु भएको थियो। कोरियामा नेपालीहरू उत्पादन र कृषि तथा पशुपालन गरी क्षेत्रमा कार्यरत छन्।

वैदेशिक रोजगार विभाग अन्तर्गत (ईपीएस) शाखाले कोरिया जानका लागि आवेदन दिएकामध्ये कृषि तथा पशुपालन क्षेत्रको भाषा परीक्षा सञ्चालन गरिरहेको छ। यसपटक कृषि तथा पशुपालन र उत्पादनमुलक समूहमा रोजगारीका लागि कोरिया जान ४४ हजार ८ सय ५३ युवाले आवेदन दिएका छन्। कृषि र पशुपालनत क्षेत्रमा जाने १० हजार ८ सय ५८ जना रहेका छन्।

उत्पादनमुलक समूहमा ३३ हजार ९ सय ९५ जना छन्। कृषि तथा पशुपालनमा जाने १० हजार ८ सय ५८ जनामध्ये ६ हजार ५ सय ९७ जनाको परीक्षा अहिले भइरहेको छ भने बाँकी ४ हजार २ सय ६१ जनाको आगामी असार १३ गतेबाट शुरु हुनेछ। अन्य परीक्षा पनि नियमितरुपमा सञ्चालन हुने ईपीएस कोरिया शाखाले जनाएको छ। मन्त्री श्रेष्ठले सन् २०२० देखि रोकिएको रोजगार अनुमति प्रणाली (ईपीएस) छिट्टै नवीकरण हुने समेत बताए।

## मलको...

गरे। भट्टराई र थापा जस्तै अन्य सांसदहरुले पनि किसानलाई मल नदिएकोमा आपत्ति जनाएका छन्। अघिल्ला वर्षहरुमा जस्तै सरकारले यो वर्ष पनि किसानलाई मल उपलब्ध गराउन सकेको छैन। १० अर्ब १३ करोड ५४ लाख रुपैयाँ भन्दा बढीको ठेक्का पाएका तीन नेपाली सहित पाँच कम्पनी रासायनिक मल ल्याउन असफल भएपछि समयमा मल नआउने निश्चित भएको हो।

थापाले नेपालमा अन्य देश जस्तो धेरै मल आवश्यक नपर्ने भएपनि सरकारको अकर्मण्यताकै कारण किसानले दुख पाउने गरेको बताए। '१ लाख ९२ हजार मेट्रिक टन मल असारको मसान्तसम्म आउने कृषि मन्त्रालयको जानकारी गराएको छ। मन्त्रालयले ल्याउने भनिएको मल आउनै सक्दैन' थापाले भने, 'दिनको २ हजार मेट्रिक टन भन्दा बढी अहिले आउन सक्दैन। सरकार र मन्त्री फेरिए पनि मलको कथा यस्तै रहिरह्यो।'

कृषि सामग्री कम्पनीले चालु आर्थिक वर्षमा एक लाख ५ हजार मेट्रिक टन डीएपी र यूरिया मल खरिद गर्न ग्लोबल टेण्डर आह्वान गरेको थियो। ५५ हजार मेट्रिक टन डीएपी र ५० हजार मेट्रिक टनका लागि ११ अर्ब बराबरको ठेक्का लाग्यो। २५-२५ हजार मेट्रिक टन युरिया आयात गर्न दुई नेपाली कम्पनी सिल्क मार्केट सिनोमायक बिड ग्लोबल म्याक्टिक्स र सिल्क मार्केटले ठेक्का पाएका थिए भने डिएपी ५५ हजारका लागि नेपाली कम्पनी सिल्क मार्केट छनोटमा परेको थियो।

सिल्क मार्केटले ५ हजार मेट्रिक टन, बंगलादेशको जेन्ट्रेड कम्पनीले २५ हजार र बंगलादेशकै देश ट्रेडिङले २५ हजार मेट्रिक टन मल आयातको जिम्मा पाएको थियो। तर पनि मल नल्याउने कम्पनीको ठेका रद्द गर्न कृषि सामग्री कम्पनी लिमिटेडले आनाकानी गरिरहेको छ।

सरकारले अन्तर्राष्ट्रिय बोलपत्रका अतिरिक्त कृषि सामग्री र साल्ट ट्रेडिङ कम्पनीले जिटुजीअन्तर्गत भारत सरकारका आधिकारिक निकायबाट मल आयात गरी किसानलाई पूर्ति गर्दै आएको छ। तर यस वर्ष समयमा मल पर्याप्त मात्रामा आपूर्ति नहुँदा धानखेती गर्ने बेला मलको अभाव देखिने कृषि सामग्री कम्पनीका मौज्दात शाखा प्रमुख रुपबहादुर कुँवरले बताएका छन्।

रासायनिक मलका लागि जिटुजीमार्फत् डेढ लाख मेट्रिक टन भारतबाट खरिदको सम्झौता भएको छ। बर्षे धानखेतीका लागि भनेर सरकारले आपूर्तिका लागि सम्झौता गरे पनि जिटुजीमार्फत अहिलेसम्म नआएको सम्झौताअनुसार मल असार दोस्रो सातासम्म पुग्न सक्नेमा उनी आशङ्का व्यक्त गर्छन्। खेतीबाली लगाउने समय भइसक्दा समेत मलको अभाव भएपछि किसानहरु थप चिन्तित बनेका छन्।

# खाद्य अधिकार कार्यान्वयन गर्न माग

**सप्तरी/मस–** खाद्य अधिकारको विषयमा संविधान र कानुनमा भएको व्यवस्था व्यवहारमा कार्यान्वयन हुनुपर्ने माग बुधबार आयोजित कार्यक्रमका सहभागीहरुले राखेका छन्।

सप्तरीको विष्णुपुर गाउँपालिकामा खाद्य अधिकार विषयक अन्तरक्रिया कार्यक्रममा सहभागी शिक्षक, विद्यार्थी, अभिभावक र स्थानीयवासीले खाद्य ऐन २०२३ र नियमावली २०२७ अनुसार सर्वसाधारणले उपभोग गर्ने खाद्य पदार्थको गुणस्तर कायम राख्न अनुगमनलाई निरन्तरता दिन माग गरे।

मानव अधिकार निगरानी समूह विष्णुपुरका सचिव अनिलकुमार साहले बजारको नियमित अनुमगन र आवश्यक कारबाही नहुँदा गुणस्तरहीन खाद्य पदार्थ उपभोग गर्न नागरिक बाध्य हुनु परेको गुनासो गरे। उपभोग्य मिति नभएको, उपभोग्य मिति समाप्त भएको, अखाद्य रङ्ग मिसिएको र गुणस्तरहीन सामग्री बिक्री गर्नेमाथि कडा कारबाही शुरु गरिए मात्र सुधार आउने उनले बताए।

रुद्रनारायण मावि गोरगमाका शिक्षक अर्जुनकुमार यादवले खाद्य पदार्थको गुणस्तर कायम राख्न गठित सरोकारवाला निकायको उदासीनताप्रति आक्रोश व्यक्त गरे। उनले व्यापारीहरुको मनोमानीका कारण गुणस्तरीय खाद्य सामग्री उपभोगको अधिकार प्रभावकारी हुन नसकेको बताए। विद्यालयको आसपास बिक्री गरिने चटपटे, नास्ताका कारण विद्यार्थीहरु बिरामी पर्ने गरेको र विद्यालयमै शुद्ध खानेपानीको अभाव रहेको अभिभावक पुनम मण्डलले बताइन्। कार्यक्रमका खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजका प्रमुख सुरेशकुमार सिंहले खाद्य पदार्थको गुणस्तर कायम राख्न सरोकारवाला कार्यालय, व्यवसायीका साथै उपभोक्ताको सहयोग आवश्यक रहेको बताए। उनले खाद्य पदार्थ खरिद गर्दा उपभोग्य मिति हेरेर खरिद गर्ने तथा मिति समाप्त भएको र गुणस्तरमा शङ्का लागे उजुरी गर्ने बानी बसाले मात्र पनि धेरै सुधार आउने स्पष्ट पारे।

खाद्य लेबलमा सम्पूर्ण सम्मिश्रणको विवरण, उत्पादक ठेगाना, ब्याच नम्बर, उत्पादन मिति, उपभोग मिति, उत्पादनको नाम, खुद र कूल तौल/आयतन स्पष्ट साथ हुनै पर्ने प्रमुख सिंहले जानकारी दिए।


## पाणिनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**दुर्गाफाँट, अर्घाखाँची**
**लुम्बिनी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०७९/०२/२६**

यस गाउँपालिका अन्तर्गत तपसिल निर्माण कार्यका लागि मिति २०७८/१२/१७ गते नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तपसिल बमोजिमको शिलबन्दी बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहर भई स्वीकृत गरिने भएकाले सार्बजनिक खरीद ऐन २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | निर्माण ब्यावसायीको नाम | कबोल रकम (भ्याट बाहेक) | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | PRM/NCB/Works /14/078-79 | Procurement of Construction Works of 15 Bed Hospital at Panini Rural Municipality | MS Mahadev Khimti–SDB–Pushpa JV | NRs. 17,22,63,148.90 | 13.42 % (घटी) |

**प्रमुख प्रशासकीय अधिकृत**

## जननमुना मा.वि.

**बेलौरी-०५, रामनगर, कन्चनपुर**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०२/२६**

यस कार्यालयको मिति २०७९/०१/१६ गतेको मध्यान्ह पत्रिकामा प्रकाशित बोलपत्र सम्बन्धि सुचना अनुसार तपशिलको ठेक्का नम्बरका लगि बोलपत्रदाताले पेश गरेका न्यूनतम मूल्याकित सारभुत रुपमा प्रभावकारी देखिन आएको हुँदा स्वीकृत हुने भएकाले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बद्द सबैको जानकारीका लागि ७ दिने सूचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| सि.न. | ठेक्का नम्बर | बोलपत्रदाताको नाम | कबोल अंक भ्याट बाहेक |
|---|---|---|---|
| १ | JNSS-CW-02-2078/079 | BAMUN DEVTA CONSTRUCTION | 10723862.08 |
| २ | JNSS-CW-02-2078/079 | BHUWAN NIRMAN SEWA | 13175998.16 |
| ३ | JNSS-CW-02-2078/079 | SUNRISE CONSTRUCTION | 13272045.3 |
| ४ | JNSS-CW-02-2078/079 | RATA DHUNGA NIRMAN SEWA | 13640398.56 |

**प्रधानाध्यापक**
**जननमुना मा.वि.**

# हुबहु प्रश्नपत्रका सम्बन्धमा केन्द्रीय परीक्षा समितिद्वारा छानबिन



**काठमाडौं/मस–** त्रिभुवन विश्वविद्यालय (त्रिवि)को परीक्षामा सोधिने प्रश्नपत्रमा पटक पटक लापरबाही देखिएपछि छानबिन गरिने भएको छ। त्रिविले अहिले सञ्चालन गरिरहेको स्नातकोत्तर तह मानविकी तथा समाजशास्त्र सङ्कायको परीक्षाका दुईवटा विषयको प्रश्नपत्रमा हुबहु देखिएपछि छानबिनको प्रक्रिया अगाडि बढाइएको हो ।

मानविकी सङ्कायले जेठ १८ गते स्नातकोत्तर तह तेस्रो सेमेष्टरको अर्थशास्त्र विषयअन्तर्गत 'पब्लिक इकोनोमिक्स' र जेठ २३ गते स्नातकोत्तर तहको राजनीतिशास्त्रको पहिलो सेमेस्टरको 'इन्टरनेशनल पोलिटिक्स' विषयको प्रश्नपत्र अघिल्लो वर्षको प्रश्नपत्रसँग हुबहु मिलेको छ ।

त्रिवि मानविकी सङ्कायका डीन प्रा डा कुसुम शाक्यले हुबहु दोहोरिएको प्रश्नपत्रका सम्बन्धमा छानबिन गर्नका लागि त्रिवि केन्द्रीय परीक्षा समितिसमक्ष आग्रह गरिसकेको जानकारी दिइन् । 'हामीले हुबहु प्रश्नपत्रका सम्बन्धमा छानबिन गर्नका लागि परीक्षा समितिलाई आग्रह गरिसकेका छौं, उनले भनिन्, 'अब हुने परीक्षामा यस्तो समस्या आउन नदिनका लागि हामी सचेत छौं ।'

त्रिविले विज्ञ समूहबाट प्रश्नपत्र बनाए पनि प्रश्नपत्र सेट गर्नेको लापरबाहीको कारणले अघिल्लो वर्षको प्रश्नपत्र दोहोरिने गर्दछ ।

रजिष्ट्रार तथा केन्द्रीय परीक्षा समितिका अध्यक्ष प्रा डा पेशल दाहालले मानविकी सङ्कायले छानबिनका लागि आग्रह गरेकाले हुबहु प्रश्नपत्रका सम्बन्धमा छानबिन गर्ने बताइन् । बुधबार नै मानविकी सङ्कायले छानबिनका लागि आग्रह गरेको पत्र मैले प्राप्त गरेको छु', उनले भनिन्, 'छानबिन गरेपछि कसको लापरबाही रहेको छ भन्ने थाहा हुन्छ ।' उहाँले परीक्षामा गत वर्षको पनि प्रश्नपत्र सोध्न पाइने उल्लेख गर्दै प्रश्नपत्रको सेट छान्दा हुबहु पर्न गएको हुनसक्ने बताइन् । ६० पूर्णाङ्कको उक्त विषयको परीक्षामा १३ वटा प्रश्न सन् २०२० र सन् २०२१ को हुबहु मिलेको छ ।

# रोजगारीको ग्यारेन्टीसहित सफा टेम्पो चालक तालिम




**काठमाडौं/मस–** आर्थिक अवस्था कमजोर भएका बेरोजगार युवालाई लक्षित गरी रोजगारीको पूर्ण ग्यारेन्टीसहित १ महिने सफा टेम्पो चालक तालिम सञ्चालन गरिने भएको छ ।

आर्थिक रुपमा विपन्न वर्गलाई समेट्ने उद्देश्यका साथ स्वदेशमै बसेर रोजगारी गर्न चाहने तर सीप सिक्नको लागि प्रयाप्त रकम नभएर अल्मलिएका बेरोजगार, एकल महिला, दलित, जनजाती पिछडिएका वर्गहरुलाई संस्थाको पहलमा चालक अनुमति पत्र र रोजगारीको ग्यारेन्टी सहित सीप सिकाउन लागिएको विद्युतीय यातायात स्वरोजगार सेवा प्रालिका अध्यक्ष रामप्रसाद घिमिरेले जानकारी दिए ।

उनका अनुसार सफा टेम्पो चालक तालिम लिए बातप शुल्क तिर्नु पर्दैन । 'सिप सिकेर रोजगार प्राप्त गरेपछि तालिम लिए बापतको रकम तिर्ने सहमतिमा ५० जनालाई तालिम दिइने छ' उनले भने ।

'सवारी चालक अनुमति पत्र प्राप्त गरेपछि पनि पुनः रोड ड्राइभिङ तथा ट्राफिक नियम सम्बन्धी ज्ञान दिई आत्माविश्वास बढाउनको लागि सफा टेम्पो संचालन गरिरहेका अनुभवी चालकसँगै सफा टेम्पोमा हिँड्ने र चलाउने व्यवस्था पनि हामीले गरेका छौ ।' अहिले काठमाडौं उपत्यकामा ६०० भन्दा बढी सफा टेम्पो चलिरहेका छन् । सफा टेम्पो चालकहरु वैदेशिक रोजगारीमा जाने तथा थप सीप सिकेर ठूला सवारी साधन चलाउन जाने हुदा चालकहरुको अभाव रहेको छ ।

'यो व्यवसायमा आबद्ध चालकको तलब र भत्ता सहित मासिक ३५/४० हजार कमाई हुन्छ । हामीले सामाजिक सुरक्षा कोषको पनि व्यवस्था गरेका छौ, तैपनि थप आर्जनको लागि चालकहरु वैदेशिक रोजगारी तथा अन्य ठूला सवारी साधन चालकका रुपमा काम गर्न जाने गरेका छन्' उनले भने 'सफा टेम्पो सिक्न इच्छुक व्यक्तिहरुले विद्युतीय यातायात स्वरोजगार सेवा प्रालिको ललितपुर, कार्यलय वा सिटि ड्राइभिङ सेन्टरको फेसबुक पेज मार्फत सम्पर्क गर्न सक्नु हुनेछ ।' विगत २० वर्ष देखि संचालन भइरहेका सफा टेम्पो क्षेत्र धैरै महिला स्वरोजगार व्यवसायी तथा चालक रहेको ब्यावसायको रुपमा चिनिएको छ । यस क्षेत्रमा करिब ४० प्रतिशत चालक महिला रहेका छन् ।

# जिसस संखुवासभाको प्रमुखमा समाजवादीका शाक्य निर्वाचित

**किमाथाक्ता/मस–** जिल्ला समन्वय समिति सङ्खुवासभाको प्रमुखमा सुमन शाक्य निर्विरोध निर्वाचित बनेका छन् । नेकपा एकीकृत समाजवादीका शाक्य पुनः दोस्रो पटक प्रमुखमा निर्वाचित बनेका हुन् । जिसस संखुवासभाको प्रमुखमा सत्ता गठबन्धन दलले समाजवादीका शाक्यलाई उम्मेदवार बनाएको थियो । स्वतन्त्र उम्मेदवार राजेन्द्र घलेको उम्मेदवारी खारेज भएपछि समाजवादीका शाक्य निर्विरोध निर्वाचित बनेका हुन् ।

जिससमा प्रमुख, उपप्रमुखसहित सबै पदमा गठबन्धनको प्यानल नै विजयी भएको हो । नेकपा (एमाले)ले घलेलाई जिसस प्रमुखमा प्रस्ताव र समर्थन गरी उम्मेदवार बनाएको थियो । स्वतन्त्र उम्मेदवार घलेको उम्मेदवारी स्थानीय तह निर्वाचन निर्देशिकाको दफा ४५ (३) बमोजिम खारेज गरिएको मुख्य निर्वाचन अधिकृत शान्तिप्रसाद आचार्यले जानकारी दिए ।

त्यस्तै उपप्रमुखमा नेपाली कांग्रेसकी बबिता खत्री निर्वाचित बनेकी छिन् । उनी एमालेकी रेनुका माया गुरुङलाई तीन मतले पराजित गर्दै विजयी बनेकी हुन् । विजयी खत्रीले ११ मत प्राप्त गर्दा पराजित गुरुङले आठ मत प्राप्त गरेकी थिइन् । जिससको खुल्ला सदस्यमा माओवादी केन्द्रका मणिराज खत्री, नेपाली कांग्रेसका छेदर भोट र मनोजकुमार थायुम निर्वाचित बनेका छन् । महिला तीन सदस्यमा माओवादी केन्द्रकी अरिता राई, शान्तिदेवी राई र कांग्रेसकी भत्तीमाया गुरुङ विजयी बने । दलित वा अल्पसंख्यक सदस्यतर्फ कांग्रेसकै देउमान राई विजयी बनेका छन् ।

# मौलिकता झल्काउने घुमाउने घर मासिए



**गलकोट/मस–** बागलुङमा पछिल्लो समय मौलिकता झल्काउने घर देखिनै छाडेका छन् । केही वर्ष अगाडिसम्म ग्रामीण क्षेत्रमा ढुङ्गा र खरले छाएका थुप्रै घुमाउने घर देखिए पनि पछिल्लो समय संरक्षण तथा आधुनिकताका नाममा मासिएका छन् । ढुङ्गा माटोको गारो । रातो माटो र सेतो कमेरोले पोतिएका घुमाउने घर केही वर्ष अघिसम्म देख्न पाइन्थ्यो, अहिले घुमाउने घर बिरलै देख्न सकिन्छ । आधुनिक घर निर्माणसँगै घुमाउने घर अहिले देख्नै छाडिएको छ । बागलुङका धेरै स्थानमा घर, टिन तथा ढुङ्गाले छाएका घुमाउने घर मासिएका छन् । केही सीमित स्थानमा मात्रै संरक्षण गरेर राखिएका छन् । महत्व नबुझ्दा र आधुनिकताका नाममा आरसिसी घर निर्माणले तीव्रता पाउँदा घुमाउने घर सङ्कटमा परेका छन् ।

केही स्थानीयवासीले मात्रै घुमाउने घरलाई संरक्षण गरेर राखेका छन् । तीन पुस्ता परिवारका सदस्य हुर्काएको घुमाउने घरलाई संरक्षण गरेर राखेको बागलुङ नगरपालिका-६ लङ्गाउँका सिर्जना थापाले बताइन् । 'हजुरबुबाको पालाको घर संरक्षण गरेर राखेकी छु, धेरैले फोटो, टिकटक र भिडियो बनाएर लैजानुहुन्छ', उनले भनिन्, 'लोप हुन थालेपछि यस्ता घरको खोजी, चासो र चिन्ता बढेको छ ।'

विशेषगरी मगर र गुरुङ समुदायको पहिचान बनेको घुमाउने घर संरक्षण अभावमा लोप हुँदै गएका छन् । परम्परागतभन्दा आधुनिक शैलीका घर बनाउन सहज हुने भएपछि घुमाउने घर सङ्कटमा परेको गलकोट नगरपालिका-१० का चन्द्रबहादुर घर्ती मगर बताए । गाउँमा भएका त्यस्ता घर पनि जीर्ण बनेका छन् । पर्यटकका लागि रोजाइमा पर्ने भएकाले घुमाउने घरको संरक्षणमा स्थानीय लाग्नुपर्ने उनले बताए ।

स्थानीयवासी चन्द्रकली विक अहिलेका घरभन्दा त्यसको स्वरुप नै फरक हुँदा बनाउने सिकर्मी र डकर्मी पाउन मुश्किल भएको बताउछिन् । ग्रामीण क्षेत्रमा सहरबजारमा जस्तै आधुनिक शैलीका पक्की घर बन्न थालेपछि घुमाउने घरसँगै ढुङ्गे घर लोप हुने अवस्थामा पुगेको उनको भनाइ छ । कला, संस्कृति र मौलिकता बोकेका यस्ता घरले गाउँले जनजीवन र पहिचान बोकेका भए पनि स्थानीय तहले संरक्षणमा चासो देखाएका छैनन् । परम्परागत मौलिक घुमाउने घर संरक्षण गर्न सके घरबाससमेत फस्टाउने अवस्था छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**
यस कार्यालयमा मिति २०६४/०४/०२ मा दर्ता भएको **प्रा.लि. नं. ४६८५८** को **निहारिका संगीत प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**काठ लिलाम विक्रि सम्बन्धि सूचना**
**प्रथम पटक प्रकाशित मिति २०७९/०२/२६**
डडेल्धुराको नबदुर्गा गाउँपालिका वडा नं. १ र ४ मा रहेको श्री गोरखनाथ सा.व.उ.स नबदुर्गाको वन क्षेत्रबाट आ.व. ०७८/०७९ मा उत्पादन भई सा.व.स को घाटगद्दीमा राखिएको A ग्रेडको ३१ थानको ४७७.७१ क्यू.फिट काठ ग्रेड B को १४३ थानको १०१९.२८ क्यूफिट काठको जम्मा १७४ थान गोलीयाको १४९६.९९ क्यूफिट सल्लाजातको काठ जे जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा विक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्रबोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागी यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।
**अध्यक्ष**
**श्री गोरखनाथ सा.ब.उ.स.नबदुर्गा गा.पा.१ र ४ डडेल्धुरा**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**
यस कार्यालयमा मिति २०६२/०५/१४ मा दर्ता भएको **प्रा.लि. नं. ३६०४४** को **कक्की इम्प्लोइमेन्ट प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**सुन्दरहरैँचा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**विराटचौक, मोरङ**
**बोलपत्र स्वीकृती आशयको सूचना**
**प्रकाशित मिति : २०७९।०२।२६**
यस कार्यालयको मिति २०७९/०१/१२ गते दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार देहायका बोलपत्रदाताहरुले पेश गरेको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही रहेको हुंदा सो बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम स्वीकृतीका लागि छनौट गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा सोही ऐन को दफा ४७ को प्रयोजनार्थ सात दिनको सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
**तपशिल**

| ठेक्का न. | कामको बिवरण | न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाता | न्यूनतम मूल्याङ्कित कबोल रकम (मु.अ.कर समेत) |
|---|---|---|---|
| SHM/MOR/NCB/W/56/2078/079 | R.C.C. Box Culvert Construction Works Jambadh | D.R.A. construction, Morang | रु १९११०७४।५३ (भ्याट समेत) (रु उन्नाईस लाख एघार हजार चौरहत्तर रुपैया पैसा त्रिपन्न मात्र) |
| SHM/MOR/NCB/W/57/2078/079 | R.C.C. Slab Culvert Construction Works Pacham, Tanakpur, Sundarharaicha-01 | Udaya Nirman Sewa, Sunsari | रु१७७६६८४।२६ (भ्याट समेत) (रु सत्र लाख छयाहत्तर हजार छ सय चौरासी रुपैया पैसा छब्बिस मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

**मधेश प्रदेश सरकार**
**उद्योग, पर्यटन तथा वन मन्त्रालय**
**प्रदेश वन निर्देशनालय**
**जनकपुरधाम, धनुषा**
**रियलटाइम प्याट्रोलिंग मोडेल तयारी र कार्यान्वयनको लागि सामाग्री खरिद सम्वन्धि शिलबन्दि दरभाउ पत्र अहवानको सूचना**
**मध्यान्ह राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित मिति २०७९/०२/२६**
यस निर्देशनालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार रियलटाइम प्याट्रोलिंग मोडेल तयारी र कार्यान्वयन (अन्य उपकरण तथा मेशिनरी औजार) कार्यको लागि स्पेशिफिकेशन अनुसारको तपसिलका सामाग्रहिरु शिलवन्दी दरभाउ पत्रद्वारा खरिद गर्नुपर्ने भएकोले मुल्य अभिबृद्धि कर, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र तथा इजाजत प्राप्त व्यक्ति, संघ-संस्था वा फर्म/सप्लायर्सले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र प्रदेश वन निर्देशनालय प्रदेश नं. २ जनकपुरधामवाट रु. १०००। तिरी दरभाउपत्र फाराम खरिद गरी १६ औ दिनमा यस निर्देशनालयको बिस्तृत सूचनामा उल्लेखित शर्तको अधिनमा रही शिलवन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।
**तपसिल**

| सि.नं. | सामाग्री | परिमाण | अनुमानित मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | Android Mobile set | ४५ | १९,९०,०५६। | Genuine verson |
| २ | Laptop | ६ | | |
| ३ | LED T.V, smart | ५ | | |

- विस्तृत सूचना यस निर्देशनालयको सूचना पाटीमा हेर्न सकिनेछ ।
- दरभाउपत्र सम्बन्धि अन्य कुराहरु बुझ्न परेमा यस निर्देशनालयमा समय भित्र सम्पर्क राखी बुझ्न सकिने छ ।

**इस्मा गाँउपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**इस्मा रजस्थल,गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**
**बोलपत्रको आशयपत्र सूचना**
**सूचना प्रकाशित मिति : २०७९।०२।२६**
यस इस्मा गाँउपालिका कार्यपालिकाको कार्यालयको आ.व.२०७८-७९ अन्तरर्गत गाँउपालिका स्तरीय चक्रपथ योजना (OIRM/GUL/NCB/078/79-18) निमार्णको कार्यका लागि मिति २०७९/०१/१४ गतेका दिन प्रकाशित सूचना अनुसार न्युनतम मुल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिन आएका तपसिलमा उल्लेखित बोलपत्र स्वीकृतका लागि छनौट भएको हुँदा सार्बजनिक खरिद ऐन -२०६३ दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबै फर्मको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।
**तपसिलः**

| ठेक्का.न | विवरण | निर्माण कम्पनी | कबोल रकम |
|---|---|---|---|
| (OIRM/GUL/NCB/078/79-18) | गाँउपालिका स्तरीय चक्रपथ | G.C Brothers Construction Pvt.ltd | रु.४०,७८,०९९।९५ (मू.अ.कर र पि.एस समेतको) |

**नि.प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२६ जेठ २०७९, बिहीबार
9 June 2022, Thursday

सम्पादकीय

## सधैँ उपेक्षामा कृषि

यस वर्ष पनि किसानले समयमा मल पाउन सकेनन् । कृषि मन्त्रालयले किसानलाई आवश्यक युरिया र डीएपी मल खरीदको ठेक्काका निम्ति अन्तर्राष्ट्रिय टेण्डर आह्वान गरेको थियो । तर ठेकेदारले समयमा मल नल्याएपछि किसानले मल नपाएका हुन् । चालु आर्थिक वर्षको मुख्य बालीका लागि १ लाख ५ हजार मेट्रिक टन यूरिया र डीएपी मल ल्याउने सरकारको तयारी थियो । तर मल आउन नसकेपछि धान बाली लगाउने मुख्य समयमा किसान छटपटिनु परेको छ । मल ल्याउन नसकेपछि संसदमा सांसदहरूले सरकारको ध्यानाकर्षण गराइरहेका छन् । सांसदहरूले असार मसान्तभित्र ल्याउने भनिएको मल पनि आउने सम्भावना नरहेको आशंका गरेका छन् ।

उनीहरूको भनाइ छ– असार मसान्तमा १ लाख ९२ हजार मेट्रिक टन मल आवश्यक छ । तर असार मसान्तभित्र ल्याउने भनिएको मल आउने सम्भावना छैन । छिमेकी चीन र भारतमा भन्दा नेपालमा कम मल प्रयोग हुने गरेपनि किसानले मल नपाएको सांसद एवम् नेपाली कांग्रेसका महामन्त्री गगन थापाले बताए । उनले चीनमा प्रति हेक्छर ३९४ र भारतमा प्रति हेक्टर १२५ केजी मल प्रयोग भएपनि नेपालमा भने ८७ केजी प्रयोग भइरहेको तथ्य प्रस्तुत गरेका छन् । तर किसानले मल पाउने सम्भावना यसपटक पनि नदेखिएको उनले तर्क गरे । अन्य सांसदहरूले पनि मल पाउन नसकेका किसानका समस्या संसदमा राखिरहेका छन् । तर यो सार्वजनिक खपतका निम्ति मात्रै हुने पक्का छ ।

आफ्नो देशलाई कृषि प्रधान भनेर परिचय दिने सरकारले किसानलाई मल समयमा नदिने गरेको यसपटक पहिलो चोटी होइन । सधैं मल आउन नसकेको भन्दै सरकार पञ्छिने गरेको छ । तर दीर्घकालीन समाधान र समयमै आवश्यक ध्यान भने दिने गरेको पाइदैन । नेपालमै मल कारखाना स्थापना गरेर योजना बनान थालेको पनि धेरै वर्ष भइसक्यो । नारा र प्रतिबद्धताकै कुरा गर्दा कृषिको आधुनिकरण र व्यावसायीकरण भन्दा तलका कुरा सरकारी अधिकारीले गर्दैनन् । तर कृषि क्षेत्रलाई विनियोजन बजेटले नै सरकारको प्राथमिकता कति रहँैछ भन्ने पुष्टि हुन्छ । आगामी आर्थिक वर्ष ०७९/०८० लागि १७ खर्ब ९३ अर्ब ८३ करोड बजेट प्रस्तुत गर्दा सरकारले कृषि क्षेत्रलाई २ प्रतिशत (३८ अर्ब ४९ करोड) मात्रै विनियोजन भएको छ । यसले सरकारको प्राथमिकतामा कृषि क्षेत्र नरहेको तर्कलाई नै बल पुग्छ । यो क्षेत्रमा हुने भ्रष्टाचार र कमिसनको रोग अझ डरलाग्दो छ ।

# गठबन्धन परिवर्तनको खेल र बाह्य शक्ति

*स्थानीय तहको निर्वाचन सकिँदा नसकिँदै नेपालमा फेरि नयाँ राजनीतिक गठबन्धन बनाउने खेलहरू हुन थालेका छन् । नयाँ गठबन्धन बनाउने खेलमा बाहिरबाट हेर्दा यहीँका राजनीतिक दलको भूमिका देखिन्छ तर, वास्तविकता भने अलि भिन्न छ ।*

अग्रलेख



● डा. केशव देवकोटा

स्थानीय तहको निर्वाचन सकिँदा नसकिँदै नेपालमा फेरि नयाँ राजनीतिक गठबन्धन बनाउने खेलहरु हुन थालेका छन् । नयाँ गठबन्धन बनाउने खेल बाहिरबाट हेर्दा नेपालकै राजनीतिक दलको भूमिका देखिन्छ तर, वास्तविकता भने अलि भिन्न छ । यहाँ विशेषतः उत्तर र दक्षिणी छिमेकसँगै पश्चिमाको इन्टेष्टहरु यस्ता गतिविधिमा प्रकट हुने गर्दछन् । जुन आज पनि देखिएका छन् । हालको सत्तासिन गठबन्धन विशेषतः पश्चिमाको समर्थक र उत्तर छिमेकीको विरोधीको रूपमा देखिएको छ । सत्ता गठबन्धन एमसीसीको विषयबाट इण्डो प्यासिफिक एलाइन्समा सहभागि भइसकेको छ । घोषित जे-जे भने पनि सत्ताको नेतृत्वकर्ता कांग्रेसले खुलेरै आफ्नो अमेरिकी पक्षधरता देखाइरहेको छ । सरकारको नेतृत्वमा आउनासाथ कांग्रेसले उत्तर छिमेकी चीनसँग तथाकथित सीमा विवाद निकालेर निहुँ खोज्नेदेखि लिएर रुस-युक्रेन विवादमा युक्रेनको पक्ष लिएर आफूलाई पश्चिमा खेमामा उभ्याउने कामहरु गरिसकेको छ । संसद्बाट नाटकीय शैलीमा एमसीसी पारित भएको घोषणा गराउन सफल भएसँगै सत्तामा पश्चिमा शक्ति बलियो देखिन्छ । त्यसैको रापतापमा कांग्रेस सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाको अमेरिका यात्राको तय हुँदैछ ।



अमेरिका यात्राका क्रममा के-कस्ता सन्धि सम्झौताहरुको तयारी गरिएको छ, त्यो खुलिसकेको छैन । तर, नेपालमा अमेरिकी शक्तिको उपस्थितिलाई बलियो बनाउने र कानूनी वैधता प्रदान गर्ने/गराउने खालका एमसीसीका पूरक सन्धि सम्झौताहरु हुनसक्ने आकंलन गरिएका छन् । तिब्बतको विषयदेखि धेरै मुद्दामा अमेरिकाले चाँसो देखाइरहेको छ । कांग्रेसले आफू पछिल्लो पटक सत्ता र शक्तिमा आएपछि अमेरिकालाई खुसी बनाउने र आफ्नो पार्टीलाई भारतीय जनता पार्टीको भगिनी संस्था बनाउनका लागि खुलेर प्रयास गर्दै आएको देखिन्छ । जुन कार्यमा माओवादी केन्द्र, एकीकृत समाजवादी, जसपालाई दिल्लीमा रहेको भाजपाको कार्यालयसम्म विभिन्न घटनाहरु देखिए । नेपाली कांग्रेसले आफ्नो बाटो स्पष्ट गर्दै लगे पनि सरकारमा रहेका र सरकार बाहिर रहेर समर्थन गर्दै आएका अन्य चार दलको भूमिका भने छद्मभेषी खालको छ । माओवादी केन्द्र र एकीकृत समाजवादीका अध्यक्षले एकातिर पश्चिमा पक्षधर बन्ने र अर्कोतिर चीनको समर्थक पनि बन्न खोजेजस्तो गरेको देखिन्छ । तर, उनीहरु पनि निकट समयमै आफ्नो कित्ता स्पष्ट गर्न लाग्दैछन् । जुन पछिल्ला निर्णयहरुले पनि देखिएका छन् । यतिबेला नेपालका सन्दर्भमा असंलग्न परराष्ट्र नीतिमा अडिग रहनु नै सबैभन्दा राष्ट्रवादी धार हो । तर, सत्तासिन दलहरु असंलग्न परराष्ट्र नीतिमा कायम रहन सकेनन् । उनीहरुले एकातिर जनतालाई गुमराहमा पार्दै आफुलाई असंलग्न नीतिको हिमायती भन्न भ्याए भने अर्कोतिर पश्चिमा कित्तामा पनि खुलेरै उभिए । जसले राष्ट्रलाई थप राजनीतिक संकटतर्फ लैजाने अवस्था बनायो ।

अहिलेको सत्ता गठबन्धनका दलहरु कांग्रेस स्पष्ट छ भने माओवादी र एकीकृत समाजवादीले झुक्याउने खेती गरिरहेका छन् । यता जसपाको दुई खेमा कता हो भनेर जनतालाई अलमल पारिरहेको छ । राष्ट्रिय जनमोर्चाले पनि पछिल्लो समयमा आफूलाई गठबन्धनको सच्चा सहयात्री घोषणा गरेको छ । माओवादी केन्द्रको इण्डो पश्चिमा पक्षले पनि राजमोको अस्तित्वनै समाप्त बनाइ दिने प्रयास गरिरहेको देखिन्छ ।

> *यतिबेला नेपालका सन्दर्भमा असंलग्न परराष्ट्र नीतिमा अडिग रहनु नै सबैभन्दा राष्ट्रवादी धार हो । तर, सत्तासिन दलहरू असंलग्न परराष्ट्र नीतिमा कायम रहन सकेनन् । उनीहरूले एकातिर जनतालाई गुमराहमा पार्दै आफुलाई असंलग्न नीतिको हिमायती भन्न भ्याए भने अर्कोतिर पश्चिमा कित्तामा पनि खुलेरै उभिए । जसले राष्ट्रलाई थप राजनीतिक संकटतर्फ लैजाने अवस्था बनायो ।*

जुन कुरा गत निर्वाचनमा पनि प्रकट रूपले अगाडि आएको थियो ।

कांग्रेस नेतृत्वमा वर्तमान सरकार बनाउन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले संयोजनकारी भूमिका निर्वाह गरेदेखि नै पार्टीका केही नेताहरूप्रति चीन आशंकित भएको देखिन्थ्यो । माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले गत २० गतेबाट केन्द्रिय समितिको बैठक बसेर एमसीसीका बारेमा छलफल गर्ने र पार्टीका अन्य नेताहरुलाई चित्त बुझाउन नसकेको खण्डमा अध्यक्ष पदबाट राजीनामा गर्ने भनिएकोमा २० गतेबाट बैठक नै भएन । अन्य कार्यक्रम राखेर एमसीसीबारेको छलफललाई छल्न खोजिएको छ । बरु माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले गत साता १९ गतेको एक प्रशिक्षणमा आफ्नो पार्टी पनि संसदवादी नै भएको र पाँच दलीय गठबन्धन यथावत रहने बताएका थिए । त्यसैगरी आगामी मंसिरमा संसदको निर्वाचन गराउनेबारे छलफल शुरु भैसकेको छ ।

अब बाम पार्टीहरुको नाममा नयाँ गठबन्धन तयार गर्ने जुन प्रयास भैरहेको छ, त्यसका पछाडि स्पष्टरूपमा उत्तर छिमेकी देश रहेको देखिन्छ । यसअघि पनि उत्तर छिमेकीले वामपन्थीहरुका बीचमा गठबन्धन बनाउने प्रयास गरेको थियो । सत्ताबाट बाहिरिएसँगै भने एमालेले चीनसँगको सम्बन्ध विकास गर्न खोजेको देखिन्छ । सरकारको नीति तथा कार्यक्रमका बारेमा प्रतिक्रिया दिने क्रममा खुलेरै वर्तमान सरकारको चीन विरोधी र अमेरिकी पक्षधर व्यवहारको विरोध गरेको थियो ।

आगामी समय नेपालमा महाशक्ति राष्ट्रहरुको लडाइँ देखिने आकंलन राजनीतिक विश्लेषकहरुले गरेका छन् । कतिपयको विश्लेषण छिट्टै त्यस्ता घटनाहरु सतहमै आउनेछन् । यहाँ पश्चिमाले जतिनै प्रयास गरे पनि चीनका विरुद्ध नेपाली भूमिबाट कुनै पनि गतिबिधि गर्न नसक्ने अवस्थामा पुगेको विश्वका पछिल्ला घटनाक्रमहरुले देखाएका छन् । तथापी अमेरिकाको चीन र भारतलाई विभाजन गर्ने, भारत र पाकिस्तानलाई मिलाउने, उत्तर कोरियालाई नाकाबन्दी लगाएर संकटको सिर्जना गर्ने र दक्षिण कोरियालाई अगाडि बढाउने तथा चीन वरपरका राष्ट्रहरुलाई आफ्नो प्रभावमा पारेर चीनसँगको सम्बन्धबाट अलगथलग गर्नेलगायतका सबै प्रयासहरु असफल भैसकेका छन् । रुस-युक्रेन मामिलामा हात लागेको असफलता र नेटोमा आएको विभाजनको अवस्थालगायतले पनि अमेरिकालाई आफ्नो नीतिमा नयाँ ढंगले सोच्न बाध्य बनाएको छ । रुस-युक्रेन युद्धका कारण विश्वमा बढ्दै गएको आर्थिक संकट/महँगीले अमेरिकालाई समेत प्रभावित गर्न थालेको छ । रुस-युक्रेन युद्धसँगै बढ्दो महँगीप्रति अमेरिकामै वर्तमान वाइडेन प्रशासनका विरुद्धमा आवाजहरु उठ्न थालेका छन् ।

चीनलाई ताइवान मामिलाका अल्मल्याएर अमेरिका नेपालबाट तिब्बत प्रवेश गर्ने नीतिमा थियो तर, त्यो असफल भैसकेको छ । नेपालको सीमाना चीनसँग जोडिएकै कारण यसअघि पनि नेपालको अस्तित्व जोगिएको थियो भने अब पनि अब पनि नेपाललाई आफ्नो अस्तित्व जोगाउन गाह्रो हुने छैन । नेपालको अस्तित्वलाई दाउमा लगाएर केही दल, शक्ति र व्यक्तिले क्षणिक लाभ हासिल गरे पनि अन्ततः उनीहरुको पराजय निश्चित छ । प्रम देउवाले आफ्नो र आफ्नो पार्टीको अस्तित्व जोगाउनका लागि र आगामी संसदको निर्वाचनसम्म सत्ता र शक्तिमा टिकिरहनका लागि पहिलो त औपचारिकरूपमै निर्णय गरेर विवादास्पद अमेरिकी योजना एमसीसी नेपालबाट फिर्ता भएको घोषणा गर्नु पर्दछ भने सम्भव भएमा आफ्नै नेतृत्वमा सर्वदलीय र सर्वपक्षीय चुनावी सरकार गठन गर्ने/गराउने प्रयास गर्नुपर्दछ । अन्यथा, कांग्रेस सत्ता बाहिर जाने मात्र होइन अन्य सत्ता साझेदारहरुको पनि अवस्था अनिश्चित छ । जसले नेपालको राजनीतिलाई नै थप असहजता तर्फ पुऱ्याउने छ । सत्ता नेतृत्वकर्ताले यस विषयमा गम्भीररूपमा सोंचोस् ।

सामाजिक सञ्जाल



- डम्मर खतिवडा

राजनीति त्यसै फोहोर छँदै थियो– अझ फोहोरमा पनि राजनीति हुन थालेपछि स्थिति कहाँ पुग्ला ? बालेन एक स्थिति/परिस्थितिका उत्पादन हुन । फोहोरको राजनीति 'बिचरा बालेन'माथि कुन्ठा र प्रतिशोधको हतियार किमार्थ बन्न हुँदैन । अन्यथा हाम्रो समाज, सभ्यता, राज्य र प्रणाली डाडुमा डुबे हुन्छ ।



- नारायण अमृत

फोहोर विर्सजनको समस्या महानगरको काबुभन्दा बाहिर देखियो । यसमा सरकारले चासो देखाओस् । महानगरले प्रहरी लगेर बञ्चरे डाँडाका स्थानीयवासीका भान्छाबाट मान्छे थुत्दै पिट्दै गरेर समस्या समाधान हुन्न । यसमा फिल्मी हिरोइजम् होइन संवाद र समाधानको सूत्र लागू गर्न पऱ्यो ।



- विनोद न्यौपाने

कुहिने/नकुहिने फोहोर छुट्याउन बाक्लो प्लास्टिक, उत्पादन गरी बजारमा उचित मूल्यमा ल्याउन प्लास्टिक उद्योगलाई भने हुने हो महानगरले । अलिकति त्यसै विषयका प्राविधिकसँग सल्लाहा गरेर जुन भान्सा घरदेखि लैजान, खसाल्न सजीलो होस् । सित्तै होइन । सहज, उचित मूल्यमा जता ततै किन्न पाइयोस् ।



- केशव दाहाल

जब चुनावको कुरा हुन्छ, त्यस्तोमा यति पढेकाहरू सांसद हुने, यो उमेरका प्रधानमन्त्री हुने, यो वर्गका उठ्ने, यो धर्मका लड्ने, यो जातका मेयर हुने आदि कुरा निकै अराजनीतिक, पक्षपातपूर्ण र सतही लाग्छन् । नभुलौं, निर्वाचनमा जनताको छनौट प्रधान हुन्छ । बहस गरौं, तर लोकप्रिय हुन सुर नछोडौं ।



- उज्जल न्यौपाने

एक दिन काठमाडौंमा फोहोर उठेन भने 'छ्या' भनेर नाक खुम्च्याउनेको संख्या हजारौँ हुन्छ । त्यही फोहोरको दुर्गन्धमा १७ वर्ष बढी समय बिताएका सिसडोल, बन्चरेडाँडाका स्थानीयले 'दुर्गन्ध भयो' भनेर कहाँ गएर कसलाई भन्ने ? फोहोरकै कारण दीर्घरोगी र बिरामी पर्दै जान थालेका छन् ।

# सुशासनको चुनौती

विचार



● उपेन्द्र झा

आज स्थानीय निर्वाचन जित्ने धेरैजसो जनप्रतिनिधिको दिमागमा चुनावमा खर्चिएको रकमको चिन्ताले पिरोलिरहेको छ । बिना पैसामा जित्ने स्वतन्त्र व्यक्तित्व भने यो श्रेणीमा छैनन् । काठमाडौंको बालेन शाह, धरानका हर्क साम्पाङ्ग राई विकास र जनसेवाको भावना लिएर आएका उदाहरण हुन् । बालेन शाहले पहिलो बैठक लाइभ गरेपछि सडे, गलेका, कुहिएका विचारहरू बालेन शाहको चुनौतीको रूपमा प्रष्ट देखा पऱ्यो । पार्टी र सिस्टममा बिग्रेका पार्टपूर्जाहरू सिस्टमलाई कसरी बिगारेको छ, जनसमक्ष आउन जरूरी छ । बालेन शाहले सिस्टमका दुष्प्रवृतिलाई सार्वजनिक गरेर सराहनीय कार्य गरेका छन् । पहिलो बैठकमा नै संगठन बिना तपाईं एक्लै जितेर केही गर्न सक्नु हुन्न भनेर बालेन शाहको मनोविज्ञान नै बिगारेर आफ्नो हातमा लिने लठैतहरूको प्रयास सार्वजनिक भएपछि जनताको कडा प्रतिक्रिया आउनु उनका लागि ठूलो चेतावनी हो । राज्य र राज्यसत्तालाई कमाईको माध्यम बनाउने प्रवृतिहरू लामो समयदेखि हावी छ, यसलाई सहजै हटाउन त सजिलो छैन, तर यस्तै प्रयासबाट जनतामा नाङ्गेझार पार्दै जाँदा स्वच्छता आउन बेर लाग्दैन । काठमाडौं महानगरपालिकामा स्वतन्त्र व्यक्तिको रूपमा बालेन शाहको उदाहरणीय जीत हो । राजनैतिक दलले मात्र सबैकुरा गर्ने भन्ने क्षुद्र विचारको विकल्पमा जनताले बालेन शाहलाई उभ्याई दिएको छ । सामाजिक, राजनैतिक, आर्थिकलगायतका क्षेत्रका कूडा, कचरा, फोहोर मैला कसरी व्यवस्थापन गर्ने भन्ने हनुमान कूदको चुनौती सामना गर्न एउटा लौह पुरूषको रूपमा जनताले बालेन शाहलाई जिम्मेवारी दिएको छ ।

राजनीतिक दलहरूको स्वार्थनीति क्रियाकलापबाट तङ्ग आएर राजनीतिबाहिरका स्वतन्त्र व्यक्तिलाई रोज्नु दलीय अहंकारलाई तोड्नु पनि हो । बालेन शाहका लागि हजारौं बाधा, व्यवधान उसको मार्गमा रहेको पहिलो लाइभ बैठकले देखाइसकेको छ । तर पनि जनताले बालेन शाहलाई रोजेको छ । गरीब मुलुक, अवसरको अभाव, सर्वसाधारणका लागि पढेर जागिर खानु बिल्कुल असम्भव रहेको अवस्थामा सरल तरिकाबाट पैसा

> *आज दलहरू व्यापार गर्ने थलो भएका छन् । विकृतिले जरो गाडेको अवस्थामा विकासको कुरा मिथ्या भाषण हुन्छ । तीन दशकको लामो अवधीमा देशप्रतिको माया जागेको भए विकासको थालनी हुन्थ्यो होला तर, देशको आर्थिक अवस्था यति बिग्री सकेको छ कि यसको सुधार मुख्य मानिएका दलको सोचबाट सुधार गर्न सकिन्न ।*

आर्जन गर्ने राजनीति बडो प्रभावशाली माध्यम रहेकोले जनसंख्याको ठूलो हिस्सा धनलाभका लागि राजनीतिमा संलग्न भएका छन् । अब राजनीति देश र जनताका लागि नभई यसमा संलग्न व्यक्तिका आमदानीका स्रोत हुन् । सबैको इच्छा, आकांक्षा पूर्ति गर्न प्रयोग भएको राजनीतिले जनउत्तरदायी स्वरूप परिवर्तन गरिसकेको छ । पैसावालले चुनाव जितेर वा मनोनीत भएर नीति निर्माणको तहमा बस्ने अधिकार राख्दछ । यसरी पैसाको बलमा नीति निर्माणको शीर्ष स्थानमा जाने व्यापारीहरूको चाहना लाभबाहेक अरू केही हुन सक्दैन ।

अराजनीति व्यक्तिहरूको जमातले देश र जनताको भलो होइन, आफ्नो मात्र भलो खोज्छ । पैसा दिएर सबै पार्टीलाई कब्जा गरेर बस्ने भ्रष्ट तस्कर, माफियाहरूले राजनीतिमाथि एकाधिकार जमाएका कारण राजनीति सकारात्मक दिशा लिन सकिरहेको छैन । प्रकाण्ड अर्थवद्, हरेक क्षेत्रका विशेषज्ञ विद्वानहरू, अनुभवी राजनीतिज्ञहरू आदि धेरै संख्यामा राज्य सुविधा भोग गर्छन्, रिटायर हुन्छन् र फेरि प्रवेश पाउँछन्, तीन दशक बढी भयो देशको आर्थिक स्तरमा किञ्चित सुधार देखिएन । देशले विकासको गति लिन नसक्नुका असल कारण संस्थागत भ्रष्टाचार हो यसलाई स्वीकार गर्न कोही चाहँदैन । नेपालको हरेक क्षेत्र भ्रष्टाचारमा लिप्त छ राष्ट्रिय, अन्तराष्ट्रिय स्तरबाट प्रमाणित भएर पनि यहाँका राजनीति दल वा सरकार मान्न तयार छैन । बेशर्मीको सबैले हदै पार गरेको छ । भ्रष्टाचारको विरोध गर्नु आफुले धनलाभ गर्ने स्रोत बन्द हुनु हो ।

